# प्रदेश सभा

## गण्डकी प्रदेश

## दोस्रो अधिवेशन

## (चालिसौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७५/०५/३१ गते, दिनको १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर ३२ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

**माननीय सभामुख**

सर्वप्रथम शुन्य समयको कार्यक्रम प्रारम्भ हुन्छ ।

शुन्य समयमा बोल्न चाहानुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरिएको छ ।

निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

माननीय सरीता गुरुङ, तनहुँ ।

**माननीय सरीता गुरुङ**

माननीय सभामुख महोदय, तनहुँ जिल्ला, घिरीङ्ग गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष झक बहादुर कुमालले आफ्नो छिमेकी महिला युवतिलाई बलात्कार २०७४ साल चैत्र २५ गते बलतकारको घटना गरेर फरार भएको र यो फेरी अपराधी बलत्कार गर्ने पिडक अहिले आफ्नो गाउँघरमै खुल्ला रुपमा बस्दै आईरहेको छ तर यो अहिलेसम्म सरकारले यसलाई कुनै कारवाही गरको छैन र मैले यस सदनमा दुई पटक यो विषयबारे सम्बन्धी

मैले उठाई सके तर यस्तो कुनै मलाई जवाफ पनि आएको छैन  र अपराधिलाई कारवाही पनि गरेको छैन । माननीय सभामुख के यो शक्तिको प्रतिफल हो । यो म सभामुख समक्ष यो चै प्रश्न राख्न चाहान्छु र माननीय सभामुख महोदय निर्मला पन्तको घटना कन्चनपुरकी निर्मला पन्तको घटना राष्ट्रिय अन्तराष्ट्रिय रुपमा लिईसकेको अवस्था छ । यो हामी सबैलाई थाहा भएकै कुरा हो त्यसैगरि हामी महिला चेली दीदि बहिनीहरुको दिनचार्य  विगविगि दिनदिन जोगिजोगिमा गैराखेको छ र यसै गरी राख्दाखेरी अब यो समाजमा स्वाभिमान पुरुषलाई पनि मुख देखाउन र समाजमा हिँडडुल गर्नलाई एउटा लज्जास्पद भैसकेको अवस्थामा पनि यो प्रदेश सरकार र

**माननीय सभामुख**

(माननीय सदस्य समय समय सिद्धीयो ।)

केन्द्रीय सरकारले के हेरी रहेको छ । यस बारेमा यस सदनमार्फत प्रश्न गर्न चाहान्छु धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सावित्रा राना, बाग्लुङ्ग ।

## माननीय सावित्रा राना

सभामुख महोदय, बाग्लुङ्ग जिल्लाको बडिगाड गाउँपालिकामा २८ गते राति सुख्खा पैरो आएर ८ घण्टामा बढि समय बडिगाड खोला थुनिदा ढोरपाटन नगरपालिका २ सिमलचौरमा कृष्ण बहादुर कुमाल र चुडा बहादुर कुमाल घरबास विहीन हुन पुगेका छन् । ८ घर गोठ पुरीएको अबस्था छ । पशु धनमाल खेतियोग्य जमिन क्षति भएको छ भने मध्येपहाडी लोकमार्ग क्षति भई जिल्लाका तिन ओटा स्थानिय तह ढोरपाटन नगरपालिका, तमानखोला गाउँपालिका, निशिखोला गाउँपालिका बाटोका कारणले सदरमुकामसँग सम्बन्ध विच्छेद हुन गएको छ। खाद्यान्न आपुर्ति लगायत अति आवश्यक वस्तुको आपूर्ति बन्द भएको छ । नजिकिदै गरेको चाडपर्व दशै र तिहारको पुर्व सन्ध्यामा लगायतका आवतजावत पुर्वसन्ध्यामा यातायात लगायतका आवतजावत बन्द हुने कुराले त्यो क्षेत्रको बासिन्दालाई समस्या भइरहेको छ समस्याको हल गर्नका लागि क्षति भएका

र घरबास विहिन भएकालाई राहात र बाटो संचालनमा ल्याउनका लागि आवस्यक पहलका लागि सभामुख मार्फत प्रदेश सरकारको

**माननीय सभामुख**

(माननीय सदस्य समय सिद्धियो)

ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

माननीय  सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरु अब विशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

**माननीय सभामुख**

सर्वप्रथम, माननीय सदस्य श्री धनञ्जय दवाडी । समय १० मिनेट ।

## माननीय धनञ्जय दवाडी

सभामुख महोदय, यही भाद्र २६ गतेको अविरल वर्षाका कारणले लम्जुङ्ग जिल्लाको मर्स्याङ्दी गाउँपालिका बाढि पहिरोको बाट र्मस्याङ्दी गाउँपालिकामा बाढि पहिरोबाट अकल्पनीय क्षति भएको छ उक्त दिनको मध्यान्नको बाढिले वडा नं. २ खुदीको तरापु पल्लोटारी निवासी ६५ वर्षिय अत्रि कुमार थापा र उनकी १० वर्षिय नातिनी सिरीसा थापाको एउटा पहिरोबाट बाच्न अगाडी भागीरहदाँ अर्को पहिरो खसेर पुरीएर मृत्यु भएको छ । सोही गाउँपालिका वडा नं. ४ श्री चौरमा विष्णु माया गुरुङ्ग उनको ४६ वर्षको उमेरकी विष्णुमाया गुरुङ्ग बाख्रा चराउन जाँदा खेरी आएको पैरोले पुरीयर उनको मृत्यु भएको छ । वडा नं.४ त्यही वडा नं.४ चान्ची नासाकुचेका ५५ वर्षका राजु लामा चै हराईरहेका छन् भने वडा नं. ३ अर्खलेकी ललितमाया गुरुङ्गको तोप्रो खोलाको वाढिमा पुरीएर मृत्यु भएको छ। दोर्दि खोला जलविद्युत आयोजना जसलाई हिमालय हाइड्रोपावरले निमार्ण गरि रहेको छ। त्यहाँ कार्यरत ठाकुरद्वार नगरपालिका वर्दियाका ३२ वर्षिय बलराम चौधरी र सोही नगरपालिकाका २५ वर्षिय लक्ष्मण थारुलाई वेसिसरहर ११ रामचोक वेसीबाट काम गर्दागर्दै मर्स्याङ्दी नदिले बगाएर बेपत्ता बनाएको छ एसै गरी र्मस्याङ्दी

गाउँपालिका वडा नं. २ घनपोखराको घोप्टेमा तिन ओटा घरहरुमा क्षेती भएको छ। पिडीतहरु दुधपोखरी प्राथमिक विद्यालयको भवनमा आश्रय लिइ रहेका छन्। २६ गतेको वर्षाका वितन्डका कारणले मर्स्याङ्दी गाउँपालिकामा अर्बौको क्षति पुगेको छ वेसिसरहर चामेसडकका दर्जनौ ठाउँ भत्किएको छ र दर्जनौ सवारी साधनहरु विचमा रोकीएको अवस्थामा रहेका छन् भने संक्षेपमा म क्षतिको विवरण पनि सभामुख महोदय मार्फत जानकारी गराउन चाहान्छु। हालसम्मको क्षति संक्षेपमा हालसम्मको तयारी गरिएको तथ्याङ्को क्षति यस्तो देखिन्छ। मृत्यु हुनेको संख्या ४ वेपत्ता संख्या ३ घाइते संख्या १० चौपायाको क्षतिमा बाखा ४१ ओटा नदिले बगाएको छ पैरोले पुरीएको छ भैसी १ ओटा र भौतिक क्षतिमा घरहरु २१ ओटा घरहरुको क्षति भएको छ र गोठहरु २ ओटा क्षति भएको छ मत्छे फर्म थियो रेन्बो ट्राउटको मत्छे फर्म त्यहाँ २७००० माछा थिए र अहिलेको बजार मूल्यमा त्यसको तत्कालको मुल्य ३२ लाख ४० हजार पर्दछ। त्यो क्षति भएको छ। ट्याक्टर १ वटा, मिनी ट्रक १ वटा, जिप १ वटा र मोटरसाईकल ३ वटा बाढि र पैरोले बगाएको छ र बेपत्ता बनाएको छ। सडकहरु अलपत्र छन् र चामे सडक क्षतिका कारणले अलपत्र छन् बेसीसहर खुदी सुरुङ्ग सडक अलपत्र छ बेसीसहर घनपोखरा नाउन सडक अलपत्र यात्रा अबुरुद्ध रहेको छ। नादी बाट बाउनडाडाँ जाने सडक पनि अबरुद्ध भएको छ सडक अलपत्र अबस्था मा रहेको छ। सडक मै अलपत्र भईरहेका केही सवारी साधनहरु रहेका छन् दुई तिर पैरोको कारणले रोकीएका ट्याक्टर ५ ओटा, जिप ८ ओटा, मिनी ट्रक ९ ओटा विचमा रोकीएर बसेको छ दर्जनौ विजुलीका पोलहरु ढलेका छन् खानेपानीको मुहान क्षतिग्रहस्थ भएको छ खानेपानिको अभाव भएको छ। क्षतिकै अवस्थामा रहेको सडकमा रहेको सडकमा रहेको दुईओटा बलेरो जिपलाई पहिरोले पुरेको छ। ट्याक्टर १ ओटा पुरीएको छ र मोटरसाईकल २ वटा पुरिएको छ। निमार्णाधिन हिमालयन हाइड्रोपावर हाउस वेसिसहर ११ मा क्षति पुगेको छ वडा नं. २ को घरहरु ५ ओटा र ३ र ४ मा १२ ओटा र वडा नं. ६ मा ७ ओटा घरहरु क्षति भएको र केहीले सामान्य राहात प्राप्त गरेका छन् यसरी सिङ्गो गाउँपालिका भरी क्षेतीका कारणले गर्दा खेरी जनजिवन अस्तव्यस्त हुन पुगेको छ। बेसीसहर चामे सडकको अबरुद्धका कारणले

ओरीपरीका बस्तीहरुमा खाद्यान्नको समस्या छ खानेपानिका मुहान भत्कीएका कारणले खानेपानिको समस्या छ र यहाँ चै पानिको अभावका कारणले गर्दा खेरी अरुखालको महामारी फैलने खतरा भएको कारणले बेलैमा स्वस्थ्य कर्मीहरुको परिचालन हुन आवस्यक ठान्दछु औषधीको व्यस्था मिलाउन सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । अबरुद्ध बाटो खोल्न गरीएको प्रयासलाई थप सहयोग पुराउन पनि प्रदेश सरकारलाई हार्दिक आग्रह गर्दछु बाढि पहिरोबाट घरबाहार विहीन बनेका हरुलाई भुकम्प पिडीत सरह नै नेपाल सरकारका तर्फबाट सहयोग उपलब्ध गराउन यस सम्मानित सदन मार्फत प्रदेश सरकार र नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । सभामुख महोदय बर्षा सँगै बाढिले मच्चाएको वितन्डामा परि ज्यान गुमायका अतिरुपा थाप, शिरीसा थापा विस्नु कलि गुरुङ्ग, ललित कला गुरुङ्ग, प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै समवेदना प्रकट गर्दछु र घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु र वेपत्ता भएका बलिराम चौधरी, लक्ष्मण थारु र राजु लामाको खोजतलास गर्न लागि सम्बन्धीत पक्षलाई आग्रह गर्दछु । यस दुखद क्षणमा उद्धार खोजीकार्यमा राहातमा संलग्न रहेका लमजुङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी सेना प्रहरी मर्स्याङ्दी गाउँपालिकाका जनप्रतिनीधिहरुलाई म हार्दिक धन्यवाद पनि व्यक्त गर्न चाहान्छु । मुलतः पहिरोमा परेर बेपत्ता भइरहेका दुख पाएइरहेका लागि राहत, पुनस्थापनाका लागि सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गर्न यस प्रदेश सभा मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण चन्द्र नेपाली पोखेल । समय ७ मिनेट ।

## माननीय कृष्ण चन्द्र नेपाली पोखेल

सभामुख महोदय, सर्वप्रथम त म देशमा मात्रै होईन विदेशमा समेत नेपालीहरुको लागि एउटा लज्जाको विषय बनेको अबस्था छ सभामुख महोदय निर्मला पन्तको बलत्कार पछि जुन हत्या भयो त्यो हत्याको घटना आज ५२ दिन भन्दा बढि भईसक्दा पनि दोषीहरु

फाइन्ड आउट भएका छैनन् । सभामुख महोदय पहिला एउटा षड्यन्त्र गरियो र लासको मुचुल्का गर्ने सन्दर्भमा त्यहाँ रहेका दोषी प्रमाणहरु मेटाउने काम गरियो र एउटा निर्दोष व्यक्तिलाई ठड्याइयो जुन कुरो डी.एन्.ए. ले रिजेक्ट गरेपछि आउट भयो र फेरी अर्को अध्याय सुरु भएको छ । सभामुख महोदय यो नेपाल प्रहरीको इतिहास यहि देशका प्रहरी हुन् जसले इन्टर पोलसँग को-अर्डिनेट गरेर विदेशमा भएका अपराधिहरुलाई ल्याउन सक्छन् भने सदरमुकाममै घटेको घटना एउटा जहाँ दसी प्रमाणहरु भेटिएको छ । त्यो आजसम्म ति अपराधिहरु आउदैनन् यो भन्दा दुख लाग्दो कुरा अरु हुन सक्दैन सभामुख महोदय यो सन्दर्भमा सम्पुर्ण नागरिक समाज र सिङ्गो राष्ट्र आज सरकारलाई कोइसन गर्दै छ की चाँडै भन्दा चाँडै अपराधिलाई कठघरामा ल्याइयोस भनिएको छ यस् अभियानमा म पनि र हाम्रो दलको तर्फबाट एउटा एकता प्रर्दसन गर्न चाहान्छु सभामुख महोदय यो त आफ्नो ठाउँमा छदै छ सभामुख महोदय सरकार के गरि राखेको भने यस्ता जगन्य अपराधहरुबाट बच्नको लागि अहिले विद्युतिय कारोबार ऐन लाई आधार बनाएर सामाजिक संञ्जाल माथि व्यक्ती स्वतन्त्रता माथि पत्रकारको स्वतन्त्रता माथि हमला स्वरुप भाको छ सभामुख महोदय जसको उदाहरण अहिले दृष्टी साप्ताहिकमा प्रकाशित एउटा खबर जुन खबरमा के लेखियो भन्दा खेरी केवल के भनिएको छ भन्दा कि त्यो हरिशिद्धीको जग्गा गैर कानुनी रुपमा विक्री गर्न सांसदहरुले दवाब भन्ने एउटा शिर्षकको न्यूजलाई उनले फेसबुकमा हाले या अनलाईनमा दिए त्यो बापत आज चैने राजु बस्नेत के छ भन्दाखेरी अहिले कठघरामा छन् उनीमाथि मुद्धा चलेको छ । दृष्टी साप्ताहिकको प्रधान सम्पादकलाई मुद्दा चलाईएको छ । यी सबै कुराहरु त्यतिमत्रै होईन एउटा फेसबुकमा प्रधानमन्त्रीको नराम्रो फोटो बिगारीएको फोटो दिइयो भनेर एउटा कारवाही भएको सरकार सभामुख महोदय यो चैने केवल बिगारीएको फोटो फेसबुकमा शेयर गरीएको आधारमा तोयानाथ सिग्देल भन्ने गाउँपालिकाका कार्यसचिवलाई मुद्दा चलाईएको छ । त्यतिमात्रै होईन यो निर्मला हत्या काण्डमा निर्मला हत्या काण्डमा प्रहरीको पनि संलग्नता छ भन्ने एउटा समाचार प्रसारण गरेबापत आर.एम. खबर डटकम की अध्यक्ष एवम्

प्रवन्धक निर्देशक प्राप्ती सापकोटा पौडेललाई अहिले मुद्दा चलाईएको अबस्था छ मैले किन भनिराखेको छु भने सभामुख महोदय सरकारले राज्य अब कता जाँदैछ भन्दाखेरी संविधानले प्रदत्त गरेको स्वतन्त्रताको हकलाई बन्देज लगाउदै विस्तारै अधिनाएकबाद तर्फ जान लाएको आभाष भएको हुनाले म सचेत गराउन चाहान्छु कि कमसेकम संविधाले दिइएका अधिकारहरुलाई पनि नगरीयोस सभामुख महोदय अब जहाँसम्म फेसबुक आदीमा सेयर गर्ने लाईक गर्ने जुन कुराहरु छन् एउटा कानुन त्यसमा छ यदी त्यसलाई कसैको मान हानी भएको छ भने उ अदालत जान सक्छ अथवा यो चैने प्रेश काउन्सीलमा जान सक्छ । यी बाटा छदैछन् तर पुलिस अब ल्याय अब के गर्ने त भन्दा कारोबार ऐनमा ल्यायर मुद्दा चलाईदियो यसरी मिसयुज भाको छ आज पत्रकारहरु माथि डण्डा बर्षीरहेको अबस्था छ सभामुख महोदय यो बन्द गर्नुपर्छ भन्ने अनुरोध गर्न चाहान्छु त्यो भनेको के हो भन्दा खेरी म जुन क्षेत्रबाट निर्वाचित भए सभामुख महोदय त्यहाँ हामी धेरै गाउँ नै गाउँले भरीएको छ । धेरै जनजातिहरुको बस्ती पनि छ र परम्परा देखीका के छ भने घरेलु मदिरा तयार गर्ने प्रचलन छ सभामुख महोदय मलाई लाग्छ हज्जारौ हज्जार लिटर घरेलु मदिराहरु उत्पादन भएका छन् र मार्केटमा पनि आएका छन् र बेलाबेलमा उत्पादन गने लाई समातेर कारवाहि गरेको देखाइन्छ त्यसलाई नष्ट गरिन्छ आजको एक्काइसौं सताब्दीमा सभामुख महोदय यो अव्यवहारिक सामन्ती शैली बन्द हुनुपर्छ र लाइसेन्स लिएर कर तिरेर यदी घरेलु मदिरा कसैले उत्पादन गर्छ कुनै सामुहिक रुपमा संस्थामार्फत भने त्यसलाई लिगलाईज गराउनु पर्छ किनभने सभामुख महोदय हामी भन्दै छौं होमस्टे ३ सय ४ सय र यो प्रान्तको एउटा सबैभन्दा प्रमुख चिज  पर्यटन वृद्धि हो भनेर हामी भनि राखेका छौं भने त्यो रिलेटेड आज यि पदार्थहरु हुन् र हिजै पुरानो सैली सामन्ती सैली जसमा जात भात यो जातिले खान यो खानु पर्छ यसले खान हुदैन भनेर भनाईका नियम कानुन लाई आज अहिलेकै त्यसैकै एउटा चैने निरन्तरता जस्तो भाको छ र केवल यो के हो भने डिस्टीलरी मालिकहरुको प्रेसरमा सरकारले ति घरहरु मदिराहरुलाई बन्द गराएको अबस्था छ म प्रश्न गर्न चाहान्छु सभामुख महोदय

एउटा किसान जसले १ मुरी कोदो पारेको छ १ मुरी कोदोले उसलाई दुई महिना खान पुग्ला तर उसले राम्रो रक्सी बनाएर मार्केटमा लान पायो भने उसलाई ६ महिना खान सक्छ भने यदी कुनै देशको एउटा ठाउँको मदिरालाई हामी चैने एउटा लेबुल तिर लिन्छौं भने आज हाम्रो देसमा बन्ने मदिराहरु छन् र यो परिक्षणबाट पनि आएको छ सभामुख महोदय कि कोदोबाट बन्ने मदिरा छ। त्यो अहिलेको आधुनिक अन्य राम्रा हुस्कीहरु भन्दा पनि राम्रो छ भनेर एउटा परिक्षण भएको अवस्था छ यस अबस्थामा म के भन्न चाहान्छु भने समय सापेक्ष रुपबाट सरकार अगाडी बढ्नुपर्छ र यसलाई गुण नियन्त्रण गर्ने र ट्याक्सको दायरामा ल्याएर यसलाई लिगलाईज गरेर एउटा उदाहरण पेस गर्नु पर्छ भन्ने म यहाँ प्रान्तीय सरकारलाई सभामुख मार्फत अनुरोध गर्न चाहान्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण थापा । समय ३ मिनेट ।

## माननीय कृष्ण थापा

माननीय सभामुख महोदय, समाजमा हिंसा हत्या, अराजकता, अश्लिलता र दण्ड हिनता अवस्था सृजना भएको छ । यसै सन्र्दभमा गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वी सुब्बा गुरुङ्गले यौन कर्मिहरुलाई परिचय पत्र दिएर कर लिएर पर्छ भन्ने जुन अभिव्यक्त गर्नु भएको छ यो सामाजिक संजालमा निकै फैलिएको छ। सायद वहाँले आफ्नो अभिव्यक्त गर्नुभएको हो की होईन त्यो कुरा हामीलाई अबगत छैन तर अहिले सामाजिक संञ्जारमा यो कुरा फैलिएको छ। निश्चित रुपमा देशमा यौन कर्मिहरुलाई परिचय पत्र दिएर कर ल्याउने काम गरीन्छ भने यसले पुन फेरी समाजमा अश्लिलता र अराजकता सृजना गर्छ । त्यसलाई प्रसय दिनुहुन्न र त्यसलाई नियन्त्रण गर्नु पर्छ त्यसकारण मलाई लाग्छ यो अभिव्यक्ती वास्तबमा सही होइन यो अभिव्यक्ति राम्रो होइन यही भनाई राख्दै आफ्नो भनाई टुङगाउछु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया लामा पोखेल। समय ५ मिनेट ।

## माननीय धनमाया लामा पोखेल

माननीय सभामुख ज्यू, गोरखा जिल्ला चुननुव्री गाउँपालिका ३ स्थीत श्रीधीवासको घट्टेखोमा भाद्र २९ गते शुक्रबार अभिरल वर्षाका कारण साँझा ८ बजे एक्कासी पैरोआई घट्टेखोला गाउँका ८ ओटा घर बगाएको छ मानिसहरु सुतिरहका कारण मानविय क्षति भने हुन पाएन भारी वर्षाका कारण खोला सुसायर बस्तीमा पस्दा ठुलो क्षति भएको छ धेरै जसो घरहरु बगाएको र केही घर पहिरीएर पुरीएको छ भने घर सँगै पशुपंक्षिहरु कुखुरा, हाँस पनि बगाएर लगेको छ । घरको कुनै पनि सामान निकाल्न नपाएको कारण पिडीत परिवार स्थानियको सहयोगमा बसीरहका छन् घटना घटेको आज ३ दिन भैसक्दा पनि कुनै पनि निकायबाट राहात तथा उद्धार नभएकोले तत्काल प्रदेश सरकारले उक्त घटनाको स्थलगत अध्ययन तथा अनुगमन गरी विस्थापित परिवारलाई पुर्नवास र पुर्नस्थापनाको व्यवस्था र राहात उपलब्ध गराउन यस गरीमामय सभामा माननीय सभामुख मार्फत प्रदेश सरकारलाई जोडदाड माग गर्दछु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मीना गुरुङ्ग । समय ८ मिनेट ।

## माननीय मीना गुरुङ्ग

माननीय सभामुख महोदय हामीहरुले संविधानमा व्यवस्था भएको संघियताको प्रयोग गर्दै मुलुकमा तिन तहका सरकारहरु आ-आफ्नो कर्तव्यमा अग्रसर भएको देखिरहेका छौँ र सबै जनाको अहिले चाँसो भइरहेको छ यो संघिय सरकारले अब जनतालाई कुन एउटा सपना देखेको त्यो संसारमा हामीलाई पुऱ्याउने हो । नेपालको संविधान २०७२ मा धारा १६ देखी धारा ४८ सम्म ३२ ओटा मौलिक हकहरुको व्यवस्था गरिएको छ । जुन अहिले संघिय सांसादले संविधान प्रदत्त मौलिक हक संग सम्बधीत जुन विधेयकहरु फास्ट ट्र्याकबाट पास गर्ने प्रक्रियामा छौँ ति विधेयकहरु पास भएका छन् । संविधानको धारा ४४ मा उपभोक्ताको हक सम्बन्धी व्यवस्था छ जसमा प्रत्येक उपभोक्ता लाई गुणस्तरीय

वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ । त्यसैगरी उपधारा २ गुणस्तर हिन बस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तीलाई कानुन बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ उपभोक्ताको हक अधिकार लाई समेटेर कानुनहरु पनि बनेका छन् अब राज्यले कानुन बनाएर मात्रै नपुग्ने भयो सभामुख महोदय, राज्यले उपभोक्ताका अधिकरहरुको व्यवहारीक कार्यन्वयन गर्न तर्फ विशेष अब ध्यान पुऱ्यानु पर्ऱ्यो भन्ने मेरो जोड छ मुलभूत रुपमा बजार अनुगम तिब्र रुपमा बनाउनु पर्छ । हामी भर्खरै नेपाली महिलाहरुले मनाउने तिज पर्वलाई सकी सकेका छौं, मनाईसकेका छौं । अब लहरै गरेर हाम्रा ठुला ठुला चाहाड पर्वहरु आउँदैछन् । यतिवेला उपभोक्ताले सामानको बढि मुल्य तिर्नुपर्ने देखिन्छ । दशै तिहार जस्ता हाम्रा महत्वपुर्ण चाहाडहरु नजिकीदै छन् बजार अराजक बन्दै गरेका हामीले महसुस् गरेका छौं । उपभोक्ताले अति आवस्यकीय वस्तुहरु पर्याप्त रुपमा किन्न सक्ने अवस्था छैन । किन्नु पर्दा चर्को मुल्य तिर्नुपर्ने हुन्छ यसको मुख्य कारण भनेको विचौलियाको विगविगी, हरेक क्षेत्रमा विचौलिया घरजग्गा, तरकारी फलफूल मात्रै नभएर सरकारी काम काजमा पनि यो प्रवृत्ति भित्रीदै गएको छ विचौलीयाहरुलाई नियन्त्रण र निरुत्साहित गर्नुपर्यो भन्ने मेरो विषेश जोड छ । र जनताहरु विचौलीयाहरुबाट धेरै आतंकित भईरहेका छन् हिजो जस्तै अहिलेपनि सरकारी कार्यलयमा जाँदा नेताको कर्मचारीको र व्यापारीको मात्रै काम बढि भएको भन्ने जन गुनासो छ । सर्वसाधरणले काम गर्न धेरै नै कठिनाई भोग्नु परेको छ । सभामुख महोदय सरकारले उपलब्ध गराउने सेवाहरु सर्वसुलभ हुनु पर्यो भन्ने मेरो जोड हो । र यो सम्मानीत सभामा म विषेश यो कुरालाई अनुरोध गर्न चाहान्छु सभामुख महोदय हाम्रो संविधानले प्रस्तावनामा परिकल्पना गरेको गणतन्त्र र समाजवाद उन्मुख राज्य बनाउन सबैको सकारात्मक र समर्पणको भावना हुनु पर्यो । गरिव जनताको समृद्धिको सपना साकार पर्न जनताको मुहार हसिलो बनाउन हामी सबै लागि परेका छौं यो हाम्रो परिश्रम मेहेनत सफल होस् शुभकामना दिन चाहान्छु हस्त धन्यवाद ।

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठ समय ५ मिनेट**

सभामुख महोदय हामी संघियता कार्यन्वयन गर्ने दिसा नेपाली जनता प्रदेशका जनाताहरु अगाडी बढीरहेका छौं । यही सिलसीलामा प्रदेशमा केही अधिकारहरु कमि भए प्रदेशमा काम गर्न अप्ठेरो भयो भनेर सातै प्रदेशका मुख्य मन्त्रीहरुलाई हाम्रा आदरणीय मुख्य मन्त्री ज्यूहरुले पोखरामा भेला गरेर केन्द्रीय संघ सरकार सित आफ्ना मागहरु र आफ्ना समस्याहरु राख्नको लागि पोखरामा मुख्यमन्त्री भेला राख्नुभयो त्यसपछि लगत्तै काठमाडौंमा अन्तर प्रदेश एउटा सम्मेलन पहिलै घोसणा भै सकेको थियो त्यसको लागि एजेण्डा पोखरामा बसेर साटओटा मुख्यमन्त्रीहरुले बनाउनुभयो त्यो एजेण्डा लाई संघ सरकारले जसरी आजभन्दा पहिला पनि बाहीर बाहीर गाईगुंई रुपमा संघ सरकारले प्रदेशलाई अधिकार नदिने प्रदेश लाई नै एउटा असफल बनाउने र प्रदेशलाई अगाडी बढ्न नदीने एउटा खेल सुनीएको थियो तर अहिले आएर प्रत्येक्षरुपमा यो देशकमा प्रधानमन्त्री नै कता प्रदेशलाई असफल बनाउने संघियता लाई कार्यन्वयन गर्न नदिने हो की भन्ने एउटा जोलन्त उदाहरण प्रस्तुत भएको छ। त्यसैको सिलसीलामा यी भेला लाई दोष देखाएर त्यो मिटिङ्ग नै पर धकेल्नु भएको छ । यो हो भने हामी प्रदेशका सबै सातै प्रदेशका जन प्रतिनिधी र प्रदेशका जनताहरु एक ठाउँमा उभिएर संघ सरकारलाई प्रत्यक्ष रुपमा दबाब दिएर संघियता कार्यन्वयन गर्न अगाडी बढ्नु पर्छ भन्ने मलाई लाग्दछ । र सभामुख महोदय मार्फत यी कुरा संघ सरकारमा समेत पुगोस भन्ने नेपाली काँग्रेसको चाहाना छ । अर्को कुरा यो देशमा कानुनी राज्य स्थापीत भैराखेको सन्दर्भमा हाम्रा प्रधानमन्त्री ज्यूले देशभरीबाट नेपाली जनता बुद्धी जिवी सर्वसाधारण निर्मला काण्डमा दोषीले उन्मुक्ती पाउन हुँदैन । दोषी नभएको हो भने त्यसले सजाय पाउन हुँदैन भनेर सबैले जगजायर गरेको बेलामा एउटा प्रधानमन्त्री जस्तो मान्छेले जो यो देशको अभिभावक पनि हो उहाँले जनतासँग प्रत्येक्ष हुने एउटा कार्यक्रममा कम दिदी बहीनीहरुलाई उछालेर कम दिदी बहीनीहरुको एउटा नीउ बनाएर त्यो मुद्दालाई नै डाइभट गर्ने किसीमले जुन कुराहरु राख्नुभएको छ त्यो पक्कै पनि अवसर बन्ने हो एउटा जनाताले राख्ने कुरा छुट्टै हो उहाँ नै कारवाही गर्ने, कारवाही गर्ने यो देशको प्रमुख भएको हुनाले त्यो कुरा जुन कुरा बाहीर आएको त्यो कुरा निन्दनिय हो र भर्सना योग्य छ भन्न

चाहान्छु सभामुख महोदय उहाँ अहिले हुँदा हुँदा यो देशमा प्रसासन छ पुलीस छ कानुन छ । त्यसले जसले गल्ती गर्छ त्यसलाई सजाय दिइन्छ र त्यो सजाँयको भागी हुन्छ तर उहाँ भन्दै गर्नुभएको छ के यो एउटा तानाशाह ल्याउने सोच हो । उहाँले एक दुईवटा कार्यक्रममा भन्नु भएको छ । प्रधानमन्त्री जस्तो मन्छेले पार्टी सभापती मात्रै होइन उहाँ यो देशको सम्पूर्ण जनताको अभिभावक हो उहाँले भन्नु भएको छ हाम्रा पार्टी विरुद्धमा हाम्रा अभिव्यक्तीको विरुद्धमा हाम्रा काम कारवाहीको विरुद्धमा लाग्ने जो कोहीलाई तपाईहरु अरिङ्गालको गोलबाट अरिङ्गाल निस्के जसरी तपाईहरुले पनि त्यसलाई घेराबन्दी गर्नु पर्छ भन्नु भएको छ यसको उद्देश्य केहो के हामी नेपाली जनाताहरुले समय सापेक्ष विरोध गर्न नपाईने आफ्नो अधिकारहरुको प्रयोग गर्न नपाईने त्यो प्रयोग गर्दा खेरी उहाँले प्रसासन मात्रै लगाएर नहुने कानुन मात्रै लगाएर नभएर अब आफ्नो कार्यकर्ताले पनि घेराबन्दी गरेर उहाँको कुनै पनि विरोध गर्न नदिन खोज्नुभएको हो की के हो । म यही प्रदेश सरकार मार्फत सभामुख मार्फत केन्द्रीय सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । की उहाँले भन्नुपर्यो यो देशमा अब पुलिस प्रसासन कुनै पनि काम नलाग्ने निकम्बा भइसके त्यही भएको कारणले महिले मेरा कार्यकर्ताहरुलाई यो नियम कानुनहरु कार्यन्वयन गर्नको लागि निर्देशन दिएको हुँ होइन भने उहाँले भन्नु पर्यो म अधिनाएकवाद तिर लम्केको छु । त्यही कारणले मैले कार्यकर्ताहरु लाई अरिङ्गाल जसरी घेर्नको लागि प्रत्साहीत गरेको हो भनेर सभामुख महोदय भन्न पर्यो नत्र हामी यो देशको नागरीक हौं । हामी यो प्रदेश गण्डकी प्रदेशमा सबै दलहरु मिलेर बसेका छौं । स्थानीय सरकार कायम छ । प्रदेश सरकार कायम छ यो प्रदेश सरकारलाई जसरी हुन्छ मजबुत बनाएर नेपाली जनाताको नेपालीको चाहाना अनुसार सुखि नेपाली संमृद्ध नेपाल बनाउन हामी मिलेर गएका छौं । हामीले कसैलाई काखा र कसैलाई पाखा गरेका छैनौं । यो देशमा नियम कार्यन्वयन हुन पर्दछ । समयमा दोषीलाई कार्वाही गर्नु पाउनु पर्दछ । र जो दोषी छैन त्यसले कारवाही पाउन हुँदैन भन्ने कुरा मान्यताको (मान्य सदस्य समय सिद्धियो) रुपमा स्थापीत गर्ने कुरालाई म सभामुख महोदय मार्फत आग्रह गर्दै आफ्ना दुई सब्द यही टुङ्गाउछु धन्यवाद । जय नेपाल ।

**माननीय सदस्य श्री दिलमाया रोक्का मगर गौतम समय ८ मिनेट ।**

माननीय सभामुख महोदय, बाग्लुङ्ग जिल्ला ढोरपाटन नगरपालिका र बडिगाड गाउँपालिकाको सीमानामा पर्ने तुर्तुरे भन्ने स्थानमा २०७५ साल ५ महिना २९ गते राति करिव ११:३० बजेको समयमा मध्ये पहाडी लोकमार्ग देखी करीब २०० मिटर माथीबाट अचानक आएको सुख्खा पहीरोका कारण बडिगाड खोला थुनियर ढोरपाटन नगरपालिका २ मा पर्ने कुमाल समुदायको बस्ती रहेको सीमलचौरमा घरगोठ गरी १० ओटा डुबानमा परेको छ, केही पशु चौपायाको क्षति भएको छ र थुप्रै खेतियोग्य जमिन डुवानमा परेको छ । करीव ५ घण्टा पछि पानी ओभर फुल भएर बग्न थालेको छ भने तर ति क्षेत्रमा भने जोखिम कायमै रहेको छ । उक्त क्षेत्रमा पहिरोको कारण मध्ये पाहाडी लोकमार्ग साडे चार सय मिटर देखि पाँच सय मिटर सडक अबरुद्ध बन्न पुगेको छ । जसले गर्दा निसीखोला गाउँपालिका, ढोरपाटन नगरपालिका र तमाम खोल गाउँपालिका सदरमुकाम सँग सम्बन्ध विच्छेद भएको छ । घटनाको जानकारी प्राप्त हुनासाथ राति १२ बजे नै प्रमुख जिल्ला प्रसासनको टोली घटनास्थलमा पुगेको थियो र तत्काल स्थानीय सरकार जिल्ला प्रसासनको पहलमा बाग्लुङ्ग र गुल्मीका खोला किनारका वस्तीहरुलाई सुरक्षित स्थानमा रहन सुचना जारी गरेको थियो पानी ओभर फ्लो भएर बग्न थाले पनि पानी थुनिएर बनेको ताल अपेक्षित रुपमा नघटेकोले बाग्लुङ्ग र गुल्मीका खोला किनारका बस्तीहरुमा अझै त्रास रहेको छ । जसले गर्दा तत्काल प्राविधिक टोली सहित थुनिएर बनेको तालको पानी सुरक्षित रुपमा खोल्ने व्यवस्था गर्न गर्नको लागि पहल गर्न र घटनाको स्थलगत अध्ययन गरी क्षतिपुर्तिको लगि पहल गर्न यस सम्मानित सदनमा सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्य श्री टेक बहादुर घर्ति मगर समय २ मिनेट ।**

माननीय सभामुख  ज्यू, र आज म यहाँहरुको विचमा बोल्ने भन्दा पनि यहाँ धेरै साथिहरुले यो विषयलाई उठाई राख्नु भएको छ । र मैले यस्ता कुराहरु धेरै चोटी उठाउने पनि

गरीराखेको छु। उठाउने मात्रै होईन त्यसलाई हाम्रो यो प्रदेश सरकारले व्यवस्थीत गर्नको लागि पनि ध्यान दिनु पर्छ भन्ने मैले सभामुख मार्फत यो सरकारलाई ध्यान आकर्षण गर्न चाहान्छु म अस्ती मात्रै गाउँमा गएको थिँए। र त्यहाँ थुप्रै विद्युतहरु खोलाले बगाएर क्षेत विच्छेद भएर अन्धकारमा रहेका थिए र मैले मेरा आफ्ना व्यक्तीगत रुपबाट डोजरहरु प्रयोग गरेर विद्युत उत्पादन गरेर म आएको छु र त्यती मात्रै नभएर फेरी म यहाँ आएको दुई दिन नवित्दै फेरी वुर्तिवाङ्को ढोरपाटन नगरपालिकाको २ नं. वडामा जुन एउटा अभिरल वर्षा सहित आएको सुख्खा बाढीले जुन पहिरोले आज बाटो अबरुद्ध भैरहेको छ आज बाग्लुङ्ग आउनको निम्ती आज पोखरा आउनको निम्ती र आज सदरमुकाम आउनको निम्ती ढुडीमा निस्केर यहाँ हिड्न परिरहेको अबस्था छ दुईओटा घरहरु आज क्षेत विछेद भईरहेको अबस्था छ। ५ ओटा गोरुहरु आज कहाँ छन्  डुबीरहेका छन् किला दाम्ला सम्मै डुबीरहेका छन् र घरहरु पनि त्यही प्रकारले डुबीरहेको अवस्था चै छ त्यसैले त्यो ठाउँमा हामीले त्यो प्रकारकारको व्यवस्था यो

(माननीय सदस्य समय सिद्धीयो)

प्रदेश सरकारले व्यवस्थीत गरोस भन्ने मेरो एउटा भनाई राख्दै म यहाँहरुको विचमा अनुरोध गर्दै मेरो आफ्नो दुई सब्द अन्य गर्न चाहान्छु धन्यवाद।

**माननीय सदस्य  श्री विनोद के.सी. समय ८ मिनेट**

सभामुख महोदय, देशमा आएको बाढी पहिरो जतातते आइरहेको चै छ। त्यस्तै बाढी पहिरोको एउटा दुर्घटना हो। जुन दुर्घटना म्याग्दी लाई पनि अछुत हुन सकेन। यही भदौ २७ गते रधुगंगा नदिको माथिल्लो भु भागमा भिषण वर्षा सँगै आएको पहिरोले थुनिएको नदिको कारण आएको बाढीले जिल्ला सदरमुकाम बेनी नै अति जोखिममा परेको चै छ बेनि संरक्षणलाई निर्माणाधिन पक्की पर्खाल करिव १०० मिटर बगाएर बस्ती तर्फ कटान सुरु गरेको अवस्था छदै छ। बजार संरक्षणका लागि बनाईएको पर्खाल एक वर्ष पनि नथेग्ने नथेग्नुले यस आयोजनाको डिजाईन निमार्ण र ठेगदारको गुणस्तर प्रति नै प्रश्न उठाउको चै छ। रधुगंगा र कालिगण्डकी नदिको संगम स्थल गलेश्वर वेनि

जोमसोम सडकको बेलीवृज वारीपारीको दुवै तर्फको बस्ती कटानले जोखीम परेको चै छ । रधुगंगा ३ मा रहेको गायत्री मन्दीर समेट कटानले प्रभावित बनि मन्दीर समेत बगाएको चै छ भने बेनी जोमसोमको सडक यतिवेला अबरुद्ध बनेको चै सयौं तिर्थयात्रीहरु बाटोमा अलपत्र परीराखेको अवस्था छदै छ र त्यसैगरी रधुगंगाकै गाउँपालिका ८ कुँहीने मंगलेको दुले खर्कमा रहेको रितुङ् मा.वि.को विद्यालय भवननै बगाए पछि अहिले त्यहाँ पठनपाठन रोकिएको चै छ भने १७५ भन्दा बढि बालबालिकाले अध्ययन गर्ने विद्यालय अहिले बैकल्पीक व्यवस्था नभएकोले दुई साताको लागि पठनपाठन बन्द गरेको अबस्था चै छ। भौगोलीक रुपमा दुर्गम रहेको यस ठाउँमा तिन घर पुर्ण क्षति भएको र करिव २ दर्जन भन्दा बढि घरहरु जोखिम रहेका चै छन् । निमार्णाधिन स्थास्थ्य चौकी स्थानीय साहारा स्पोर्ट कल्बको खेल मैदान बाढिले बगाएको छ। झोलुङ्गे पुल समेत बगाउने र कटानले जोखीम परेकोले सर्वसाधारण वारपार गर्न समस्या आएको चै छ बाढीले विद्युतको पोल ढलाउदा रधुगंगा ८ की दुवाडीमा करेन्ट लाएर स्थानीय धनमाया छन्त्यालको ज्यान गएको चै छ । यसरी म्याग्दीमा ठुलो बाढीले ठुलो क्षति पुर्यायको छ भने कालिगण्डकी नदि कटानले म्याग्दी सँगै छिमेकी जिल्ला पर्वतको जलजला गाउँपालिका अर्न्तगतको बगर फाट समेत बाटो बगाई त्यहाँ पनि यातायात चै अबरुद्ध बनेको चै छ र म यसै सँगै मैले के जोड्न चाहान्छु भने यतिबेला म्याग्दीमा रहेको जुन सदरमुकाम यतिवेला दार्चला सदरमुकाम जस्तै बन्ने बढी चै सम्भावना रहेको चै छ। त्यहाँनेरी यतिवेला हामी उपभोक्ता समितिहरु सर्वसाधारणहरु सबै भन्दा प्रश्न चिन्ह के मा लागएछन् भने अहिल निर्माणाधिन करोडौको लगानी गरेर बनाएको पक्की वाल खोलाले यसरी भत्काउदै गर्दा यो सरकारको डिजाइन् इस्टमेटमा एकदम ठुलो प्रश्नचिन्ह खडा गरेको चै छ। यतिवेला जुन संस्था यो जल उत्पन्न प्रकोप जुन संस्था हो । यतिखेर त्यो संस्थानै आधीकारीक रुपमा त्यहाँ छैन, ठेकेदार कम्पनी पनि सम्पर्कमा छैन त्यहाँनेर हेर्न जान विजोक अवस्था छ दुईओटा डोजर छ डोजर पनि आफै चै आगो लगाएर त्यो इन्सुरेन्सको चै क्लेम गर्ने मध्येमबाट त्यै चै खोलामा फालिएको छ। र अझै फेरी बाढी बढ्नी हो भने फेरी त्यो चै बाढि बढेर बेनी बजार नै धेरै जोखीम अवस्थामा रहेको हुनाले मैले यो सम्मानीत

सदनबाट यो ध्यानाकर्षण गर्न चाहान्छु की त्यस ठाउँमा चै प्रदेश सरकारको तत्काल उपस्थीत रहयोस् र त्यो लईस्टमेट अनुसार काम भएको हो कि होईन र यति चै त्यो चै काम डिजाईन स्टमेट भएको छ कि छैन भन्ने आधीकारीक प्राप्त गर्नलाई त्यहाँको जिल्ला प्रसासन र त्यहाँको स्थानीयहरु सँग मिलेर एउटा चै अनुगमनको पाटो पनि बलियो बनाउनु पर्छ भन्ने मैले अनुरोध गर्दै मेरो भनाई अन्त्य गर्छु । धन्यवाद नमस्कार ।

**माननीय सदस्य श्री भागवत प्रकास मल्ल समय ३ मिनेट ।**

माननीय सभामुख महोदय, स्याङ्जा जिल्ला स्याङ्जा जिल्ला भित्रमा दुई जिल्ला र तिन स्थानीय तह जोड्ने सडक र पुलहरु निमार्ण व्यवसायिले निमार्णकार्य सम्पन नगर्दा योजना अलपत्र गरेका छन् अलपत्र मात्र होइन यसले समग्र स्याङ्जा जिल्लाको विकासलाई प्रभावित भई पछि पार्ने कार्य भएको छ । जसमा बयरघारी ठुली भञ्ज्याङ, हातमाला चोक देखी भोर्ले चौपारी डाडाँ देखि हीले सडक यो १३ किलोमीटर छ । यो र यसमा दुइटा प्याकेजमा यसमा निमार्ण व्यवसाई सन्तोषी निर्माण सेवा र त्यस्तै गरी मन्डन थर कियोरे भञ्ज्याङ चापाकोट गजरकोट सडक यो चै २३ किलोमीटर छ त्यो पनि यो सन्तोषी निमार्ण सेवा निमार्ण व्यवसाईले काम गरेको छैन । त्यस्तै गरी मिर्मि विर्गा रानिघाट सडक यो पनि १५ कि.मी. छ । यो पनि सन्तोषी निमार्ण सेवाले काम गरेको छैन । र त्यस्तै गरी मैदीखोला पुल यो चापाकोट नगरपालिका वडा नं. ६ मा पर्छ यो पनि निमार्ण काम सम्मन्न गरेको छैन र त्यस्तै गरी आँदीखोलाको सेती दोवानमा मोटरपुल अलपत्र छ यो कान्छाराम आषिस रेग्मी निमार्ण व्यवसाय, संघ र करिव यो योजनाहरु माननीय सभामुख महोदय उक्त योजनाहरुको जम्मा लागत करिव ७० करोड बराबर छ । किन र कसरी सम्बन्धीत पक्ष र नियकायहरुको ध्यान गएन । निमार्ण सम्झौता देखी सम्पन्न गर्नुपर्ने मिति २०७४ असाढ मसान्त सम्ममा सबै योजना सम्पन्न गर्नुपर्ने थियो त्यसैले माननीय सभामुख महोदय मार्फत निर्माण कार्य नगर्ने निमार्ण व्यवसायी सम्बन्धीत निकाय र बजेटको छिटो भन्दा छिटो व्यवस्था गरी उक्त योजनाहरु सम्पन्न गर्न प्रदेश सरकारको समयमा ध्यान जाओस जय नेपाल ।

**<u>माननीय सदस्यहरु</u>** विशेष समयमा बोल्ने मान्य सदस्यहरुको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरु अब म माननीय भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री **<u>श्री लेख बहादुर थापा मगरलाई</u>** मिति २०७५ साल भाद्र १८ गते सभामा प्रस्तुत गर्नु भएको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरीयोस भन्ने प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**<u>माननीय सभामुख महोदय,</u>** सम्मानीत सभामा मिति ७५ साल भाद्र १८ गते प्रस्तुत भएको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु । आज मिति ७५ भाद्र ३१ गते धन्यवाद ।

अब माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरले मिति २०७५ साल भाद्र १८ गते सभामा प्रस्तुत गर्नु भएको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताब माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैदान्तिक पक्षहरु मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु सम्पुर्ण माननीय सदस्यहरुलाई छलफलको लागि ३ मिनेटको समय निर्धारण गरेको छु । निर्धारीत समय भित्र आफ्नो भनाई राख्न अनुरोध गर्दछु । छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुले सजिलोको लागि समामुखका उँपास सँगै पछिका अधिकृत कर्मचारीहरुलाई नाम टिपाई दिनुहुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदय, प्रदेश सरकारले प्रदेश भित्रका सहकारीहरुलाई व्यवस्थीत गर्ने तर हामीले संविधानमा परिकल्पना गरेका छौं । कि समाजवादको आधार निमार्ण गर्ने जुन कुरा परिकल्पना गरेका छौं तर राज्यले अर्थतन्त्रका तिनओटा आधार मध्ये सहकारीलाई सहरीलाई एउटा खम्बाको रुपमा एउटा आधारको रुपमा ग्रहण गरेको अवस्थामा सहकारी लाई व्यवस्थीत गर्ने निगमन गर्ने र सहरी मार्फत सिंगो यो प्रदेशको आर्थिक संमृद्धिको

महत्वपूर्ण आधार बनाउने उद्देस्यका साथ सहकारी सम्बन्धी विधेयक २०७५ प्रस्तुत गरेको छ । यो अहिले सम्मकै प्रदेशमा प्रस्तुत भएको विधेयक मध्ये सबैभन्दा ठुलो रहेको छ वास्तवमा १८ परिच्छेद १०२ दफा र २ ओटा अनुसुचिमा यसलाई ल्याईएको छ। यतिवेला थोरैमात्रै के कुरा जोड्न चाहान्छु भने सुखी नेपाली समृद्ध नेपाल भनि रहदा बास्तवमा ३५०० भन्दा बेसी सहकारीहरु प्रदेश भित्र रहेका छन् थुप्रै विषयगत सहकारीहरु रहेका छन् तर सहकारी साँचो अर्थमा जनताको पक्षमा प्रयोग भएका छन् कि छैनन् यो भित्र पनि थुप्रै खराबीहरु छन् सहकारी छरिएर रहेको पूँजीलाई एकिकृत गर्ने र उत्पादनमा लगाउने र सिँङ्गो राष्ट्रको समृद्धि तर्फ अगाडी बढ्ने यसको मुख्य उद्देश्य हुँदा हुँदै पनि छरिएर रहेको पुँजीलाई कलेक्सन गर्ने र अत्यन्तै महङ्गो व्याजभित्र सहकारीका सदस्यहरु प्रयोग गर्ने र आज जो सहकारीको सदस्य छ त्यसको आर्थिक विस्तार वद्धि होइन ढाड सेक्ने स्थिती पनि बनेको छ । फेरी पनि म धन्यवाद दिन चाहान्छु प्रदेश सरकारलाई कम्तीमा हामीले यो प्रदेश भित्र झन्डै ६५ अरब पुंजी सहकारी भित्र केन्द्रीत छ । यो सहकारी ऐन मा सहकारी बैंक देखि सहकारीको ३० प्रतिसत सम्म रकम निस्चीत कृषि क्षेत्रमा लगाउनु पर्ने, उत्पादनको क्षेत्रमा लगाउन पर्ने गरी यसले जुन विधी प्रस्तुत गरेको छ मलाई विश्वास छ साँचो अर्थमा राज्यको एउटा खम्बाको रुपमा समाजबादको एउटा निमार्णको आधारको रुपमा सहकारी व्यवस्थीत हुन सकुन यसमा लागेका सदस्यहरुको अर्थिक स्थीती आर्थिक हैसियत मजबुत बन्न सकोस सहकारी मार्फत कृषि क्षेत्र मात्रै होइन थुप्रै उत्पादनका क्षेत्रहरुमा पुँजी परिचालन गर्न सकियोस र राज्यले चाहेको यो प्रदेशले चाहेको आर्थिक संमृद्धिको आधार कुरुपमा यो सहकारी बन्न सक्नेछ यही सन्दर्भमा यो सरकारलाई जुन उद्देश्य पुर्तिका निम्ती यो सहकारी ऐन प्रस्तुत गरको छ । त्यो उद्देश्यमा हामी सफल हुन सक्छौं, सरकार सफल हुन (माननीय सदस्य समय सिद्धियो) सकोस यही कुरा राख्दै यो विधेयक माथि पुन आफ्नो समर्थन समेत रहेको कुरा जायर गर्दै म विदा हुन चाहान्छु । धन्यवाद ।

**माननीय श्री मणी भद्र शर्मा कडेललाई छलफलमा भाग लिन समय दिन्छु ।**

सभामुख महोदय, यो कृषि मन्त्री ज्यूले पेश गर्नु भएको ठुलो किताब मैले सरसर्ति पढे मलाई डर पनि लाग्यो की आफै सरकारले याहाँ एउटा संसोधन राखेको छ । एउटा मन्त्रीले विधेयक लिएर आउनुभा छ । अर्को मन्त्रीले यहाँ संसोधन पनि राख्नु भएको छ । हामी सभासदहरुले त संसोधन राख्ने छलफल गर्नै परेर कानुन मन्त्रालयबाट संसोधन राखिएको छ । त्यो समेत यहाँ पेस गर्नु भएको छ । यस्तो नगर्देको भए हुन्थ्यो । सरकारको एउटा यथार्थ रुप सल्लाह गरेर मिटिङ्ग गरेर पठाएको भए हुन्थ्यो । म यो हार्दीकताका साथ यो अनुरोध पनि गरे यहाँ आफै संसोधन छ यो यो गर यो नगर भन्या छ कानुन मन्त्री मन्त्रालयको आज्ञाले शाखा अधिकृतले सहि गरेर अनि फेरी हाम्रो मन्त्री जीले ल्याउनु भएको छ यो विधेयक कृषि मन्त्रीको मात्रै हो की यो विधेयक गभरमेन्ट बाट अनि भोली कार्यन्वयन हुनी हो । त्यहाँ दुइटा मन्त्रालय तिनटा मन्त्रालयका विचमा यो कार्यन्वयन गर्न गडबढ हुनी हो की होइन यो जटिल प्रश्न पहिला नम्बरमा यो पुस्तिकामा एक पटक ध्यान दिदाँ देखिन्छ र दोस्रो कुरा यति मोटो किन भो भनेको त्यस्तो कुरा पनि रहेछ । र तेस्रो कुरा कतिपय कुराहरु यहाँ धाराहरु धारा १२ मा केरे परिच्छेद १२ को दफा ६५ मा यहाँ एउटा पेजमा एउटा कुरा लेखेको छ । अर्को पेजमा अर्कै कुरा लेखेको छ । अर्को धारा त्यही त्यही त्यस्तै छ । कतिपय कुराहरुमा विरोधावास छ जस्तै विरोधावासी कुराहरु परिच्छेद ७ को दफा ४७ मा कुनै बैंकको शेयर खरिद  वा कुनै प्रयोजन उपयोग गर्न हुँदैन भन्छ त्यस्तै परिच्छेद ८ को दफा ५२ मा फेरी बैंक वा वित्तीय संस्था वा अन्य निकाय बाट ऋण लिने अनुदान लिने र त्यस्ता निकाय सँग साझेदारीमा काम गर्ने भन्छ । असाध्यै विरोधाभासका कुराहरु पनि यहाँ राखिएका छन् । यी हुँदा हुँदै पनि सहकारी साच्चै सहकारीका आदर्श र सिद्धान्तमा यसका ७ ओटा मुलभूत आदर्शर सिद्धान्त छन् ति आदर्श र सिद्धान्तमा चल्ने हो र चलाउन राज्य उद्धेत हुने हो भने यो कुराहरु राम्रो हो र अर्को पाटो बैंकहरुले कृषि लगानी गर भनेर राज्यले धेरै पटक भन्दा कुनै पनि बैंकहरुले कृषिमा लगानी उत्साहीत भएर गरेको आजसम्मको रेकर्ड छैन । बैंकहरु लाई कृषि वाला ऋण माग्न गयो भने ५० ओटा झमेला राखेर ऋण नै दीदैन नदिनी गरेकै छन् अहिले सम्म, यी सहकारीहरुलाई पनि फेरी ३० प्रतिशत लगानी गर भनेर बाध्य

पार्न सकीनी खाले कुरा हो की होइन यो अलि महत्वकांक्षी अली नमील्दो अलि अव्यवहारीक कुरा आयो की भन्न पनि लाग्छ। यसका दफावार बुँदाहरुमा अरु थप कुरा राखौँला धन्यवाद। जय नेपाल।

**माननीय श्री दीपक कोइराला लाई छलफलमा भाग लिन समय दिन्छु।**

माननीय सभामुख महोदय, कृषि मन्त्रालयले पेश गरेको यो सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि हामी सैद्धान्तीक छलफलमा छौँ। विधेयकलाई सरसर्ति हेर्दा हामीले संविधानले र हाम्रो कार्यविधीले प्राप्त गरेको अधिकारमा रहेर यो विधेयक आएको छ। प्रदेश भित्र कृयाशिल भएका र प्रदेश सरकारको या प्रदेशले अनुगमन गर्ने सहकारीहरुलाई व्यवस्थीत गर्नको लागि यो विधेयक पेश भएको छ यसले सहकारीको बारेमा धेरै चर्चा भैरहेको छ। म चर्चा गर्न तिर लाग्दीन जेहोस् हामीले जे आर्थिक समृद्धिको कुरा गरिरहेका छौँ त्यसलाई सहकारीको माध्यमबाट सहकारीलाई व्यवस्थीत गरेर धेरै भन्दा धेरै मानिसहरुलाई यो प्रकृयामा सहभागी गराएर सहकारी मार्फत आर्थिक उत्पादनको प्रकृयामा सहभागी गराएर नै हामीले समृद्धिको सपना साकार पार्न सक्छौँ भन्ने कुरा हामी सबैले बुँझेकै कुरा हो र त्यो कुरालाई व्यवस्थीत संघठीत गर्ने प्रयासहरु गरेको छ। त्यो अर्थमा एउटा सकारात्मक रुपमा यो विधेयकलार्य दफावार छलफलको लागि हामीले विधायन समितिमा लैजानको लागि छलफल गरिराखेका छौँ। यसलाई अझै दफावार छलफल गर्न यो विधायन समितिमा जानेनै छ। मेरो एक दुई टा कुरा के छ भने यो अघि पनि सांकेतिक रुपमा कुराहरु उठ्यो यो विधेयक अलि ठुलो भयो विधेयक अस्ती हामीले कानुका बारेमा धेरै चर्चा परिचर्चा छलफलहरु गोस्ठीहरु लियौँ यो कानुन निमार्ण गर्ने कानुन बनाउँदा चै अलिकति सबै जनाताहरुले सरल ढंगले बुझ्ने खालको कानुन बनाउदा राम्रो हुन्छ जस्तो लाग्छ यो अलि धेरै भास्ट छ यसमा धेरै कुराहरु जोडिएर आएका धेरै कुराहरु यो के रे चैने सहजता पुर्वक बूझ्नको लागि अफ्टेरो भएजस्तो यस्तो धेरै कुराहरु आएका छन् त्यसकारण यसलाई अझै सरल बनाउन सक्यो भने राम्रो हुन्छ जस्तो मलाई लाग्छ र यसलाई खास गरी कन यो समयमा आएको छ यसलाई

हामीले सहकारी हरुलाई संचालन गर्न भनौन संचालन गर्नको लागि आवस्यक बेलामा आएको छ यसलाई सरल ढंगले अझै यसलाई गनेर यो विधेयन समितिमा विधेयन समितिले खाली ह्रस्व र दिर्घ मात्रै नभइकन यसको चैने अझै व्यवस्थीत छलफल गर्ने र एसका आधारभूत कुराहरुलाई दाँया बाँया नगरीकीन यसमा थपघट गर्नूपर्ने विषयहरुमा पनि थपघट गर्न सकोस भन्ने कुरा पनि म यहाँ राख्न चाहान्छु र यो सहकारी सम्बन्धमा व्यवस्था गर्न विधेयक प्रति समर्थन जनाउदै मेरो भनाई यही अन्त्य गर्दछु धन्यवाद ।

**माननीय श्री कृष्ण थापालाई छलफलमा भाग लिन म समय दिन्छु ।**

माननीय सभामुख महोदय, सहकारी सम्बन्धमा आएको विधेयक माथी हामी छलफल गर्न गइरहेका छौँ । र यसमा म आफ्नो भनाई पनि अगाडी बढाउन चाहान्छु । समाजवादको आधारस्तम्भ सहकारीलाई मानिन्छ तर नेपालमा के सहकारीहरु समाजवादका आधारस्तम्भ बन्न सकेका छन् त भन्ने हो भने सकेका छैनन् र त्यसमा थुप्रै प्रश्न चिन्नहरु खडा गर्न सकिन्छ । र यो विधेयकमा विषेश गरेर सामुहीक उत्पादनमा हामीले सहकारी मार्फत अगाडी बढाउन सक्छौँ की सक्दैनौ त भन्ने कुरामा यसमा अलि मौनता भएको पाइन्छ । अर्को तिर अहिले सहकारीहरु जुन उत्पादन मुखी सामुहीक मुखी नभएर ॠण मुखी हुने गरेका छन् र त्यो ॠण मुखीलाई पनि नियन्त्रण गर्ने कुरा यहाँ त्यो चिजमा मौनता छ हामीले जुन सहकारीबाट देखेका छौँ की चक्रवर्तिको पनि चक्रवर्ति ॠणमुखी जुन सहकारीको परिकल्पना समाजमा भै रहेको छ त्यसलाई चेन्ज गर्ने र त्यसलाई बदल्ने कुरा यसमा अल्ली उल्लेखीत हुन सकेको छैन मलाई लाग्छ त्यो उल्लेखीत हुन पर्छ धन्यवाद ।

**माननीय श्री हरिसरण आचार्यलाई छलफलमा भाग लिने समय दिन्छु ।**

माननीय सभामुख ज्यू विषेशगरी हाम्रो अबको समाज भन्दैछु हामी समाजवादी समाज निमार्ण गर्दै छौँ । समाजवादी अर्थतन्त्र अथवा अबको अर्थतन्त्रको एउटा तिनखम्बे अर्थनिती त्यो भित्र सहकारी ओदानको जस्तै अर्थनिति त्यो भित्र सहकारी आज हामी त्यो प्रक्रिमा

खोजिरहेका छौं तर आज सहकारी साच्चै हामीले चाहे जस्तो सहकारी रहेका छन् हामीले खोजेजस्तो सहकारी पनि रहेका छन् मलाई त आज यो मतलव विधेयकको विषयमा धेरै भन्नु छैन । यो विधेयक नै विधान बनीराखेको छ यो विधान सहकारीको विधान बनाउदाँखेरी जुन प्रक्रीया अपनाईन्छ त्यो विधानको अपडेट गरे जस्तो मैले फीलीङ्ग गरीराखेको छु । छनत धेरै विषयवस्तुहरु छन् तर साच्चै त्यो विधानको प्रकृति जस्तो प्रकृतिको हुन्छ त्यस्तै प्रकृतिको त्यो विधेक, कानुनै विधान जस्तो बनेर आइदिएको मैले फिलीङ्ग गरिराखेको छु । र सहकारी साच्चै भन्ने हो भने अहिलेका सहकारी हामी त्यसलाई कन्ट्रोल गर्न सक्दै सक्दैनौं अहिलेका सहकारी जिम्बल मुखिया नै हुन् नयाँ प्रकारका जिम्बल मुखिया हुन् त्यसको कारण भनेको एउटा ऋण प्रदान गर्दा खेरीनै सुरुमै सेवा शुल्क चर्को लिने ३ प्रतिसत ५ प्रतिशत सम्म लिने खातामा धरौटि रकम राखेर १० देखि १५ प्रतिशत राख्नुपर्ने ऋण प्रदान गरको रकममा लाग्ने व्याजलाई मुल ऋणमा पुँजिक्रित गरी व्याजको स्याज लिने चक्रवर्ति व्याज लिने बचत कर्ताहरुलाई मुस्कीलले ६-८ प्रतिशत सम्म व्याज दिने तर ऋणीहरु सँग १८-२२ प्रतिशत व्याज लिदाँ यसको फरक कति हुन आउँछ । धितो लिलामी गर्दा व्यवहारीकतालाई नबुँझि गुण्डा गर्दि शैलीमा धितो लिलामी गर्ने व्यक्तीले के कारणले ऋण तिर्न नसकेको त्यसलाई नबुँझि अध्ययन नै नगरि धितो लिलाम गर्ने यस्तो प्रकृतिको यो प्रकृयाले चै साच्चै सहकारीलाई पुरानो जिम्बल मुखीयाको एउटा अर्को संस्करण बनाईदिएको छु मैले त्यो अनुभूति गरिरहेको छु । त्यसो भएको कारणले यो विधेयकमा कतिपय चिजहरु यसलाई काउन्टर गर्न सक्ने यसलाई बदल्न सक्ने खालको यो विधेयक वन्नु पर्थो तेल्ले अझैपनि त्यको केही अभयभहरु बोकेर आईराखेको छ यसलाई विधायन समितिले तमाम रुपमा छलफल गर्दाखेरी विशेष ढंगले ख्याल गरोस र त्यो दफा र कमा पनि मतलब कमा र फुलस्टप पनि चेन्ज गर्न हुन्न भन्ने मनोवृतिले विधायन समितिले काम गरीरहको छ । त्यो मनोवृति बाट माथि उठेर विधायन समितिले कम्तीमा विपक्षी दलका साथिहरुले पनि भनेको कुरहरुलाई पनि सहद्रयका साथ त्यसलाई स्वीकार कुरामा राम्रो कुरालाई स्वाीकार गर्ने कुरामा ध्यान जाओस भन्ने कुरामा मेरो विषयवस्तु टुङ्गाउन चाहान्छु धन्यवाद ।

**अब माननीय माननीय भूमि व्यस्था, कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय, उपस्थीत सम्पुर्ण गण्डकी प्रदेशका माननीय संसद ज्यूहरु सर्वप्रथम त भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट विधेयक तयार भई प्रदेश सरकारबाट भाद्र १३ गते यही २०७५ भाद्र १३ गते बसेको बैठक द्वारा पारीत भई प्रदेश सभाको प्रदेश सचिवालयमा १४ गते चै दर्ता गरिएको यो विधेयक हामीले भाद्र १८ गते चै टेबुल गर्नको निम्ती प्रस्तुत गरियो र अलि बढि छलफल गर्न पर्ने, अध्ययन गर्नु पर्ने, बहस गर्नु पर्ने विषय भएको हुनाले चैअलि लामो समय लिएर छलफल गरौं भन्ने उद्देश्यले अध्ययनको समय राखेर आज हामीले विचार उपर छलफल गरेका छौं र सबै माननीय ज्यूहरुको सैद्धान्तीक विषयवस्तु बारेमा यहाँहरुले आफ्नो सुझावहरु प्रस्तुत गर्नुभएको छ अब यो छलफल मलाई लाग्छ यो सुझाव सँगै हामीले विधायन समितिमा पनि दफावाल छलफल गर्छौं । कुन दफालाई कसरी व्यवस्थीत गर्ने भन्ने बारेमा अझै व्यवस्थीत गर्न सुचित गर्न हामी सक्छौ किनभने यो सबै अधिकार यो प्रदेश सभालाई छ । त्यसो हुनाले चै प्रदेश सभाको विधायन समिति मार्फत यो छलफल र व्यवस्थित गर्न अझै बाँकि रहेको हुनाले अहिले चै मैले अहिले मान्यज्यूहरुको मुख्य विषयवस्तुमा उत्रिय गर्न चाहान्छु । मुख्यगरी सहकारी विधेयक अहिलेको परिपेक्षमा हाम्रो गण्डकी प्रदेशमा चै अलि महत्वपूर्ण विधेयकको रुपमा लिनु पर्छ भन्ने मलाई लाइरहेको छ । यो विधेयक अल्लीठुलो चै ठुलै छ । ४९ पृष्ठको छ पछि अलि सानो अक्षर बनाउने क्रममा त अलि सानै हुन्छ होल किताब चै तैपनि किताब चै ठुलै छ यसमा १८ ओटा परिक्षेद १०२ ओटा दफा २ ओटा अनुसुचि भएको हुनाले यो ठुलो देखिन आएको हो । र राम्रो सँग अध्ययन गर्ने एउटा आधार यसैमा छ त्यसोभएर हामी चै धेरै घोटिन पर्ने देखिन्न यसमा हामीले पढ्न सक्छौं र पढ्न सक्यौं भने चै सबै विषय सर्लक्क छर्लङ्ग हुने गरी उल्लेख गरिएको छ । त्यो कारणले गर्दा पनि यो अलि ठुलो हुन गएको हो जहासम्म विधेयकमा मन्त्रालयबाट पनि सुझावहरु प्राप्त भयो हामीले चै कानुन मन्त्रालयबाट अर्थ मन्त्रालयबाट चै सुझावहरु

लिनु पर्ने त्यो चै कानुनी व्यवस्था छ त्यो अधारबाट चै विधेयकमा उपर चै सबै विधेयक उपर चै हामीले कानुन मन्त्रालयको स्वीकृति र अर्थमन्त्रालयको पनि स्वीकृति लिनु पर्ने हुन्छ । यो आधारबाट मन्त्रालयहरुले आफ्नो सुझावहरु चै दिनुहुन्छ । यही आधारमा आफ्नो सुझाव दिने क्रममा हामीले विधेकमा त्यो सुझावको आधारमा पनि यसलाई व्यवस्थीत गरिएका हुन्छौं सबै सुझावहरुलाई हामीले एकैठाउँमा कम्पाईल गरीएको हो यहाँ राखिएको हुनाले चै किन राखियो संसद नै यहीहोकी भन्ने जस्तो लागेको छ तर राखिएरै फेरी अर्को चै के छ भने यहाँ यो सबैको सुझाव जम्मा गरेर राखेर हामीले चै १८ परिच्छेद र १०२ दफा तयार गरिएको हो त्यसोभएर हामीले सुझावमा पनि हामीले त्यहाँ व्यवस्थीत गरेका छौं र सुझावलाई पनि हामीले ऐन गत गरेका छौं । र अब रयो त्यो हाम्रो चाही अब सुरुवात देखीको चै यो १०२ दफा संग उप छलफल हामीले चै यसलाई व्यवस्थित गर्ने सन्दर्भमा मलाई के भन्न मन लाईरहेको छ भने मुख्यगरी अहिले यो सहकारी को सन्दर्भमा चै हामीले प्रदेशको सहकारीले दुई वा दुई भन्दा बढि चै गाउँ तथा नगरपालिकाहरु आफ्नो कार्यक्षेत्र भएको सहकारीहरुलाई हामीले यो प्रदेश मन्त्रालयमा दर्ता गर्नुपर्ने हुन्छ र सम्बन्धीत नगरपालिका गाउँपालिकामा मत्रै कार्यक्षेत्र भएका सहकारीहरु संम्बन्धीत पालिकामै दर्ता हुन्छन् यो आधारबाट हामीले यसमा चै विषेशगरी चै जिल्ला विषयगत सहकारीहरु जिल्ला सहकारीहरु प्रदेशको विषयगत सहकारी संघ हरु प्रदेशको सहकारी संघहरु र प्रदेशको सहकारी बैंक र एक स्थानिय तह भन्दा बढि तह प्रदेश भित्रकार्यक्षेत्र भनि विषिष्टीक्रित सहकारी संघहरु र एक भन्दा बढि स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थाहरु र एक भन्दा बढि जिल्ला तर प्रदेशभरि मात्र कार्यक्षेत्र भएका सरहकारी संस्थाहरु चै हामीले यो चै सहकारी मन्त्रालयमा दर्ता गर्नुपर्ने व्यवस्था गरेका छौं । अन्य सबै स्थानीय तहमै कार्यक्षेत्र भएका सहकारी चै स्थानीय तहमै दर्ता हुन्छ र हामीले अब चै मुख्यगरी चै परिच्छेद २ को परिच्छेद २ मा हामीले उत्पादन सहकारी संस्थाको बारेमा त्यहाँ के भन्न खोजेका छौं भने उत्पादन सहकारी संस्थाहरु कृषि उत्पादनको क्षेत्रमा जडीबुटिको क्षेत्रमा जडीबुटि उद्योगको क्षेत्रमा खानी, उर्जा, बन, पैदावर आदि जस्तो पन

चै हामीले सहकारी गठन गर्न सकिन्छ भनेर चै हामीले त्यहाँ प्रवेश गर्न खोजेका छौँ अनि सेवा मुलक सहकारी संस्थाहरु पनि त्यस अन्तरगत यातायातको क्षेत्रमा, संचारको क्षेत्रमा, पर्यटनको क्षेत्रमा, पुर्वाधारको क्षेत्रमा, विद्यालयहरु, होटल, स्थास्थ्य, खानेपानि सिंचाई जस्ता यउटा सेवा मुलक सहकारी संस्था चै खोल्न सकिने गरी चै यहाँ पेश गरीएको छ । वित्तिय सहकारी संस्थाको बारेमा बैंक को कारोबार गर्न सकिने चै हामीले गण्डकी प्रदेश स्तरको प्रदेशिक बैंक चै निर्माण गर्न सकिन्छ भन्ने भनेर यसलार्य लाई खुल्ला गएिको छ यद्येपी अहिलेनै बैंक खेलीहाल्न पर्छ भन्ने  प्रस्न होईन । तर यो बैंक खोल्ने क्रममा चै केन्द्रीय राष्ट्रिय बैंक सँग चै अनुमति लिएर मात्रै यो बमोजिम गर्नु पर्छ भन्ने त्यहाँ पुष्टी गरीएको छ अनि बचत तथा ऋण सहकारीहरु वीप्रेषण सम्बन्धी कारोबार गर्ने र विमा सम्बन्धी कारोबार गर्ने सहकारी संस्थाहरु हामीले वेष्टी गर्न सकीन्छ । वित्तीय सहकारी संस्थामा चै पुष्टी गर्न खोजिएको छ । उपभोक्ता सहकारी संस्थालाई वेष्टी गर्ने कोषिस गरीएको छ थोक तथा खुद्रा बजारहरु हाट बजाहरु हाट बजारहरु भण्डारणको कार्यहरु जस्तै सित भण्डारणको कार्यक्रमहरु ढुवानी खरीद विक्री जस्ता चै सहकारी संस्थाहरु चै यो उग्लङ्गन गर्न पर्छ भनेर चै त्यहाँ प्रस्तुत गर्न खोजिएको छ । र दुई वा दुई भन्दा विषयको कारोबार गर्ने कार्यक्रम संचालन गर्ने सहकारी संस्थाहरुलाई चै हामीले बहुउद्देश्यीय सहकारी संस्थाको रुपमा लिनु पर्छ । भनेर यहाँ व्यक्त गर्न खेजिएको छ । र कारोबार व्यवासायी उद्योग वा परियोजना सञ्चालन गर्न सकिने बैंक क्षेत्रमा काम गर्न सकिने पनि सहकारी बनाउन सकिन्छ । यसलाई चै अब अर्को हामीले चै यहाँ भनेका छौँ विशिष्टीक्रीत सहाकारी पनि गठन गर्न सकिने भनेका छौँ त्यो भनेको कस्तो भने चै जस्तै अब ठुलठुला केबुलकार संचालन गर्नु पर्‍यो भने दुई वा दुई भन्दा सहकारीहरु आपसमा मिलेर संचालन गर्न सकिने त्यस्तै अब हाइड्रोपाओर संचालन गर्न पर्‍यो भने चै त्यसमा अब सहकारीले चै आफ्नो लगानीलाई जम्मा गरेर गर्न सकीने त्यस्तै किसमले एउटा विशिष्टक्रित सहकारी पनि गठन गर्न सकिने भन्ने बारेमा पुष्टी गर्ने कोषिस पनि गरिएको छ यो मलाई लाग्छ अहिले हामीले हाम्रो प्रदेश सन्दर्भमा एउटा महत्वपुर्ण विषयवस्तु मै यो रहन्छ । अझै

यसलाई हामीले परिमार्जित गर्नुपर्ने विषयस्तु वेष्ठी गर्नुपर्ने बारेमा हामी बसेर छलफल गर्ने छौं मलाई लाग्छ यो सहकारीको अर्को चै एउटा सुन्दरता के छ भने चै हामीले उत्पादनमा अलि केही गर्नु पर्यो भन्न खोजेका छौँ । यी सहकारीहरुले चै बढीमा विदेश जाने मान्छेहरुलाई ऋण प्रवाह गर्ने घर घडेरी खरिद गर्न मात्रै ऋण प्रवाह गर्ने यस्तो काममा मात्रै बढी ऋण प्रयोग गरेको हुँनाले अहिले हामीले के गर्न खोजेका छौँ भने अलि विषेश गरी उत्पादनको सेक्टरमा कृषि जन्य उत्पादन क्षेत्रहरु जस्तै कृषि जस्तै सँग सम्बन्धीत फलफूल तरकारी त्यस्तै पसशुपंक्षी मत्से लगाएतको चाही कृषि जन्य क्षेत्रमा लगानी उत्पादन केन्द्रीत गर्न पर्छ । र यसो गर्दै जाने क्रममा चै उत्पादनको सेक्टरमा लगानी गर्दै जाँदा त्यो अलि सरल अलि सुपथ मूल्यमा चै अब चै सुलभ व्याजदरमा आफ्नो फर्म धितो राखेर आफ्नो सर्टिफिकेट धितो राखेर साथसाथै अब चै सामुहीक जवानीमा र चै अन्य ऋण प्रवाह भन्दा कृषिमा अलि सुलभ होस भन्ने उद्देश्यलाई केन्द्रीत गरेर चै यहाँ वेष्ठी गर्न कोषिस गर्न  खोजीएको छ । संघिय अब के छ भने एउटा सहकारी एउटा नमूना उत्पादन एक सहकारी एक उत्पादनको अवधारण विकास गर्न पर्छ । भनेर यहाँ वेष्ठी गर्न कोषिस गरीएको छ र उत्पादन सँग सम्बन्धित रहेर चै यसले वेष्ठी गर्न यसमा फेरी के चै भने उत्पादन भन्ने वित्तीकै हामीले फलाउने फूलाउने मात्र होईन प्रसफल समेत  गर्ने भ्यालु चेन्ज गर्ने बस्तुमा भ्यालु चेन्ज गर्ने यसको निम्ती हामीले मुख्य भूमिका खेल्नुपर्छ  । भनी उद्देश्य लिएर चै यो सहकारीको विधेयक तयार भएको हुनाले मान्यजनहरु राम्रो सँग छलफल गर्नुस् अध्ययन गर्नुस् र चै आवस्यक सुझाब भए चै विधान समितिमा छलफल गर्न सक्छौं । त्यसमा पनि छलफल गरेर चै यसलाई व्यवस्थीत गरौं भन्ने अनुरोध गर्दै म यो प्रदेशमा चै झण्डै ३५०० भन्दा बढि चै सहकारीहरु छन् उनीहरु सँग झण्डै ६५ अरब भन्दा बढी बजेट छ । यसलाई अझै व्यवस्थीत गर्न सकिने हो भने चै यसलाई हामीले सुधार गर्न सकिन्छ । र हामीले अब चै एक घर एक सदस्य र एक गाउँ एक सहकारीको अभियान चलाएर पुरै चै हाम्रो गण्डकी प्रदेश सहकारी मय बनाउँ र चै उत्पादन केन्द्रमा चै एउटा सामाजिक उपकरणको समग्र अर्थतन्त्रको निर्माण गर्ने सन्दर्भमा सबै जनतालाई केन्द्रीत गरौं भन्ने उद्देश्यले यो

सहकारी विधेयक तर्जुमा गरीएको छ यही आधारमा बुझ्न हार्दिक अनुरोध गर्दै म आफ्नो संक्षिप्त विषयवस्तु अम्काउन चाहान्छु । हस धन्यवाद ।

अब यो छलफल यही समाप्त हुन्छ ।

अब म सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने मान्य सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने मान्य सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने मान्य सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनियन तसर्थ सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताब सर्वसहमतिले स्वीकृति पाएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा ज्यूलाई मिति २०७५ साल भाद्र १८ गते सभामा टेबुल भई सामान्य छलफल समेत भएको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाईयोस भन्ने प्रस्ताब गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सम्मानीत सभामा मिति २०७५ साल भाद्र १८ गते प्रस्तुत भएको र मिति ७५ साल भाद्र ३१ गते सभामा विचार गरियोस भन्ने विचार प्रस्तुत भई सामान्य छलफल समेत भएको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावलि २०७४ को नियम १०८ को उपनियम १ बमोजिम दफा छलफलको लागि विधायन समितिमा पठाएस् भनि भनि प्रस्ताब प्रस्तुत गर्दछु । भाद्र ३१ गते ७५ धन्यवाद ।

माननीय सदस्यहरु, अब सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पाठायस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफा छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसहमतिले स्वीकृति भएको घोषणा गर्दछु ।

विधेयकमा संसोधन पेस गर्न चाहानुहुने माननीय सदस्यहरुले प्रदेश सभा नियमावलिको नियम ११० बमोजिम ७२ घण्टा भित्र आफुले पेश गर्न चाहेको संसोधन सहितको सुचना प्रदेश सभा सचिवालयमा पेस गर्न सक्नुहुने छ । उक्त विधेयक संशोधनको समयावधी समाप्त भएपछि मात्र विधायन समितिमा छलफल हुने व्यहोरा जानकारी गराउछु ।

माननीय सदस्यहरु, अब म मिति २०७५ भाद्र १९ गते बसको सभाको ३९ औँ बैठकबाट दफावार छलफलको लागि विधायन समितिमा पठाईएको प्रशासकिय कार्यविधि नियमित गर्ने विधेयको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्ने सो सभाका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीलाई समय दिन्छु ।

माननीय सभामुख ज्यू, मिति २०७५ भदौ १९ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलको लागि विधायन समितिमा पठाएको प्रस्तुत प्रशासकिय कार्यविधि नियमीत गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा छलफल गर्न मिति २०७५ साल भदौ ३० गते समितिको बैठक बसको थियो । समितिको बैठक

सतिको बैठक समितिका सभापतिको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, कृष्ण चन्द्र नेपाली पोखेल धनञ्जय दवाडी, मणीभद्र शर्मा, मन बहादुर गुरुङ्ग, ललित कला गुरुङ्ग, विष्णु प्रसाद लामिछाने, तथा सावित्री रानाको उपस्थिती रहेको थियो भने माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री हरी बहादुर चुमानको विषेश उपस्थीत रहेको थियो । यस प्रकार समितिको बैठक बसि व्यापक छलफल गरी सबैको राय र परामर्श समेत समावेस गरी उक्त विधेयक प्राप्त भएकै स्वरुप पारित गर्ने समितिको सर्व समितिबाट निर्णय भए अनुसार प्रदेश सभा नियमावलिको नियम ११९ बमोजिम त्यो प्रतिपत्र पेश गर्दछु । मोहन प्रसाद रेग्मी सभापति विधायन समिति ।

माननीय सदस्यहरु, अब म माननीय उद्योग, पर्यटन, बन तथा बातावरण मन्त्री श्री विकास लम्साललाई बर, पिपल र चौतारो संरक्षण तथा व्यवस्थापन गर्न बनेको विधेयक प्रदेश सभा नियमावलिको नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय उद्योग, पर्यटन, बन तथा बातावरण मन्त्री श्री विकास लम्साल**

माननीय सभामुख, महोदय सार्वजनिक स्थलमा भएका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय एवम् प्राकृतिक प्रकोपको न्युनिकरणका हिसाबले महत्वपूर्ण बर, पिपल र चौतारो संरक्षण सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले प्रदेश सभा सचिवालयमा मिति २०७५ साल भाद्र १८ गते दर्ता भएको बर, पिपल, चौतारो संरक्षण व्यवस्थापन गर्न बनेको विधेयक २०७५ नेपालको संविधानको धारा १९८ को उपधारा (१) तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरु, अब म प्रदेश सभा नियमावली संशोधन मस्यौदा समितिका संयोजक माननीय श्री मायानाथ अधिकारीलाई प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न समय दिन्छु ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुख ज्यू, मिति २०७५ साल भदौ १९ गते बसेको यस सभाको बैठकले प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को नियम २१७ को उपनियम (३) बमोजिम देहायका ५ जना माननीय सदस्य रहने गरी प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ संसोधन मस्यौदा समिति गठन गर्न सहमति प्रधान गरेको थियो । १ माननीय माया नाथ अधिकारी संयोजक, माननीय मणी भद्र शर्मा सदस्य माननीय गायत्री गुरुङ्ग सदस्य, माननीय कृष्ण थापा बागलुङ्ग सदस्य, माननीय हरिसरण आचार्य सदस्य, समितिको बैठक मिति २०७५ साल भदौ ३० गते समितिको संयोजकको अध्यक्षतामा बसेको थियो बैठकमा समितिका माननीय सदस्यको उपस्थिती रहेको थियो भने माननीय सभामुख श्री नेत्र नाथ अधिकारी माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमान माननीय उप-सभामुख श्री सिर्जना शर्मा माननीय श्री कृष्ण बहादुर थापा माननीय श्री कुमार खड्काको विशेष उपस्थिती रहेको थियो । यस प्रकारको बैठक बसि व्यापक छलफल गरी सबैको राय र परामर्श समेत समावेश गरी प्रदेश नं ४ प्रदेश सभा नियमावली २०७४ को दोहोरो संशोधनको सम्बन्धमा समितिको सर्वसम्बत निर्णय अनुसार देहायको बमोजिमको संशोधन मस्यौदा सहीतको यो प्रतिवेदन पेश गर्दछु । धन्यवाद ।

**माननीय सदस्यहरु अब यो बैठक २०७५ साल असोज १ गते दिनको १.०० बजे सम्मको लागि स्थगित हुन्छ ।**